वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ४५ २०८३ जेठ २१ गते बिहीबार, नेपाल सम्वत् ११४६ June 04, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-






**प्रयोगात्मक सिकाई** : तनहुँको शुक्लागण्डकी नगरपालिकाको वेलचौतारास्थित नेपाल पुलिस स्कुलमा कक्षा ७ अध्ययनरत एक छात्रा प्रयोगात्मक सिकाईमा सहभागि हुँदै । विद्यार्थीहरूले वनस्पति कोषको आधारभूत संरचनाबारे अध्ययन गर्ने क्रममा माइक्रोस्कोपबाट प्याजको कोष अवलोकन गरेका थिए ।

*तस्विर : भञ्ज्याङ*

## गण्डकीमा 'पहिला घरदेशः अनि परदेश' र 'लेक टू लेक' कार्यक्रम

**भञ्ज्याङ समाचारदाता**/गण्डकी

गण्डकी प्रदेश सरकारले आन्तरिक पर्यटन प्रवर्द्धन गर्न 'पहिला घरदेशः अनि परदेश' र 'लेक टू लेक' कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउने भएको छ । गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले मङ्गलबार गण्डकी प्रदेशसभाको बैठकमा प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममा उक्त कुरा उल्लेख छ । सरकारले 'एक जिल्लाः एक पर्यटकीय गन्तव्य' विकासको नीति लिइने उल्लेख गर्दै प्रदेशको संस्कृतिलाई जीवन्त राख्न पहिचानसहितका सांस्कृतिक उत्सवलाई प्रोत्साहन गरिने जनाएको छ ।



रैथाने संस्कृति, स्थानीय उत्पादन, रहनसहन र वेशभूषा प्रवर्द्धन गर्दै होमस्टे तथा फार्म–स्टेलाई स्तरीकरण गरी व्यावसायिकता विकास गरिने नीति तथा कार्यक्रममा भनिएको छ । पोखरा पर्यटकीय राजधानी घोषणा भएसँगै गण्डकी प्रदेशको पर्यटनप्रति बढेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो र संवेदनशीलतालाई आत्मसात् गर्दै अन्तर–मन्त्रालय तथा निकायको समन्वयमा एकीकृत पर्यटन विकास अवधारणा कार्यान्वयन गरिने प्रदेश प्रमुख भट्टले बताउनुभयो ।

यसका लागि दोस्रो पञ्चवर्षीय योजना र पर्यटकीय राजधानी घोषणा अध्ययन प्रतिवेदनले पहिचान गरेका रणनीतिक तथा रूपान्तरणकारी कार्यक्रमलाई विशेष प्राथमिकताका साथ कार्यान्वयनमा लगिने जनाइएको छ । दामोदर कुण्ड, मुक्तिनाथ, गलेश्वर, पञ्चकोट, देवघाट र त्रिवेणीधाम जस्ता महत्वपूर्ण धार्मिकस्थल जोड्ने गरी 'धार्मिक पर्यटन परिपथ' विकास गरिने भन्दै सरकारले मुख्य पर्यटकीय गन्तव्यमा पहुँच मार्ग

बाँकी तेश्रो पेजमा

## हिमालको काँखबाट राष्ट्रिय समृद्धितर्फ

**नवीन लामिछाने**/मनाङ

लघु जलविद्युत्बाट उत्पादित विद्युत्मा मात्रै निर्भर रहँदै आएको मनाङमा पहिलोपटक १३५ मेगावाट क्षमताको मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजना निर्माणसँगै राष्ट्रिय प्रसारण लाइनसँग जोडिने भएको छ। मर्स्याङ्दी नदीको अथाह जलशक्तिलाई उपयोग गरी निर्माण गरिएको यस आयोजनाले देशको ऊर्जा उत्पादन, ऊर्जा सुरक्षा र आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

निजी क्षेत्रबाट निर्माण भएका ठूला जलविद्युत् आयोजनामध्ये एक यस आयोजना मनाङको नार्सों गाउँपालिका–८ र ९ नम्बर क्षेत्रमा निर्माण गरिदैछ । 'रन अफ रिभर' प्रणालीमा आधारित यो आयोजनाले नदीको पानी बाँधमार्फत संकलन गरी सुरूङबाट विद्युतगृहसम्म पुऱ्याउने काम भइरहेको बुटवल पावर कम्पनीका निर्देशक प्रतीकमान प्रधानले जानकारी दिनुभयो ।

नेपालमा जलाशययुक्त आयोजनाको तुलनामा रन अफ रिभर आयोजना निर्माण लागत कम हुने, वातावरणीय असर तुलनात्मक रूपमा कम पर्ने तथा छिटो निर्माण गर्न सकिने भएकाले यस्ता आयोजनालाई प्राथमिकता दिइँदै आएको उहाँले बताउनुभयो।

यस आयोजनाको ग्रस ४३०.२० मिटर र हेडरेस टनेल ६.०७५ किलोमिटर रहेको निर्माण भएको बुटवल पावर कम्पनीले जनाएको छ। आयोजनामा २० प्रतिशत बिपिसी र चिनियाँ कम्पनीको ८० प्रतिशत लगानी रहेको छ । आयोजनामा नेपाली साझेदार बिपीसीले २० प्रतिशत र तीन चिनियाँ कम्पनी एससीआइजी इन्टरनेसनल, छिङचेङ इन्टरनेसनल र चिनियाँ लगानीकर्तामा क्युवाइसी इन्टरनेसनलले संयुक्त रूपमा ८० प्रतिशत शेयर स्वामित्व रहने गरी लगानीकर्ताबीच समझदारी भएको छ ।

मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजनाको विकासको लागि सरकारसँग बुटवल पावर कम्पनीसहित तीन चिनियाँ कम्पनीबीच चार वर्षमा आयोजना विकास तथा निर्माण सम्पन्न गर्ने गरी २०७९ पुस ३ गते सम्झौता गरेका थिए । आयोजनाको कूल लागत रू ३३ अर्ब ३८ करोडमध्ये २० प्रतिशत स्वपुँजी र ८० प्रतिशत ऋण लगानी रहनेछ । आयोजनामा बुटवल पावर कम्पनीले मात्रै करिव रू एक अर्ब ३३ करोड स्वपुँजी लगानी गर्नेछ । आयोजनाले वार्षिक ७५ करोड नौ लाख ४८ हजार ८७५ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ ।



मर्स्याङ्दी नदीमा यसअघि पनि विभिन्न जलविद्युत् आयोजना निर्माण भएका भएका छन् । जसबाट तनहुँअन्तर्गत ६९ मेगावाटको मर्स्याङ्दी जलविद्युत् आयोजना, लमजुङअन्तर्गत ७० मेगावाटको मध्य मर्स्याङ्दी र ५० मेगावाटको माथिल्लो मर्स्याङ्दी 'ए' जस्ता आयोजनाले यस नदीको ऊर्जा सम्भावना प्रमाणित गरिसकेका छ । त्यही सम्भावनालाई थप उपयोग गर्दै मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजना विकास गरिएको छ ।

निर्माण कार्य प्रारम्भ भएपछि पहुँच मार्ग निर्माण, सुरूङ खन्ने,

बाँकी तेश्रो पेजमा

## तनहुँ जलविद्युत्को मुख्य बाँध ५० प्रतिशत पूरा

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको ऋषिङ गाउँपालिकामा निर्माणाधीन तनहुँ जलविद्युत् आयोजनाको प्याकेज–१ अन्तर्गत निर्माण भइरहेको १४० मिटर अग्लो मुख्य बाँधको निर्माण ५० प्रतिशत सकिएको छ । आयोजना २०८१ साल चैत ७ गतेदेखि सुरू भएको हो ।

आयोजना प्रमुख श्यामजी भण्डारीका अनुसार बाँध निर्माणका लागि कुल ८ लाख ५० हजार घनमिटर कंक्रिट गर्नुपर्नेमा हालसम्म ४ लाख २४ हजार १२० घनमिटर कङ्क्रिट गरिएको छ ।

१४० मिटर उचाइको यो बाँध निर्माण सम्पन्न भएपछि तनहुँ जलविद्युत् आयोजना नेपालको ऊर्जा क्षेत्रमा महत्वपूर्ण उपलब्धिका रूपमा स्थापित हुने विश्वास गरिएको छ ।

प्याकेज–१ अन्तर्गत बाँधलगायत संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ५९ प्रतिशत प्रगति भएको छ । मुख्य बाँध निर्माणका लागि सुरूङलगायत अन्य संरचनाको निर्माण सम्पन्न भएको छ ।



मुख्य बाँध निर्माणका लागि सेती नदीलाई पथान्तरण गरिएको छ । बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण सम्पन्न भएको छ ।

www.bhanjyangnews.com

Email- bhanjyangdml@gmail.com

## सम्पादकीय ............

www.bhanjyangnews.com

# जातीय विभेद अन्त्यको प्रतीक्षा कहिलेसम्म ?

नेपालले कानुनी रूपमा छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको दुई दशक पुगेको छ । संविधानले समानताको हक सुनिश्चित गरेको छ । जातीय भेदभाव तथा छुवाछुतलाई अपराध घोषणा गरिएको छ । अन्तर्राष्ट्रिय महासन्धिमा नेपालले प्रतिबद्धता जनाएको छ । तर यति हुँदाहुँदै पनि समाजमा जातीय विभेद र छुवाछुतका घटना आज पनि रोकिएका छैनन् । यही यथार्थले जातीय विभेद तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाइरहँदा गम्भीर प्रश्न उठाएको छ– कानुन बन्यो, घोषणा भयो, तर व्यवहार किन फेरिएन ? हरेक वर्ष यो दिवस विभिन्न कार्यक्रम, गोष्ठी, नाराबाजी र प्रतिबद्धतासहित मनाइन्छ । दलित समुदायका अधिकार, सम्मान र सामाजिक न्यायका विषयमा बहस हुन्छ । तर वर्षदिन बित्दा फेरि कुनै न कुनै जिल्लाबाट विभेदको घटना सार्वजनिक हुन्छ । कतै मन्दिर प्रवेशमा रोक लगाइन्छ, कतै भोजभतेरमा विभेद गरिन्छ, कतै सामाजिक बहिष्कार गरिन्छ । कतिपय घटना त सार्वजनिक नै हुँदैनन् । समाजको भित्री तहमा अझै पनि विभेद गहिरो रूपमा जरा गाडेर बसेको छ ।

नेपालले २०६३ सालमै देशलाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको थियो । संविधानले दलित समुदायको हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ। जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले यस्तो कार्यलाई दण्डनीय अपराध मानेको छ । मुलुकी अपराध संहिताले पनि विभेद गर्नेलाई कारबाहीको व्यवस्था गरेको छ । तर कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा पीडितले न्याय पाउन सकेका छैनन् । समस्या केवल कानुनको अभाव होइन, सोचको अभाव हो । समाजमा अझै पनि जातका आधारमा मानिसलाई हेर्ने मानसिकता जीवित छ । शिक्षित भनिएका समाज र राजनीतिक नेतृत्वभित्रै विभेदपूर्ण व्यवहार भेटिनु झन् दुःखद विषय हो । पछिल्लो समय विभिन्न जिल्लामा भएका घटनाले देखाएको छ कि विभेद केवल गाउँघरको समस्या मात्र होइन, राज्य संयन्त्रभित्रै पनि चेतनाको कमी छ । कतिपय अवस्थामा दोषीलाई संरक्षण गर्ने, घटनालाई मिलापत्रमा टुंग्याउने वा पीडितलाई नै दबाब दिने प्रवृत्ति देखिन्छ । यसले पीडित समुदायमा थप निराशा र असुरक्षा पैदा गरेको छ ।

जातीय विभेदको पीडा केवल सामाजिक अपमानमा सीमित हुँदैन । यसले व्यक्तिको आत्मसम्मान, अवसर, शिक्षा, रोजगारी र मानसिक अवस्थामाथि गम्भीर असर पार्छ । विभेदले समाजमा अविश्वास, असमानता र अन्यायलाई निरन्तरता दिन्छ । समानता र लोकतन्त्रको कुरा गर्ने समाजमा कुनै व्यक्ति केवल जन्मकै आधारमा अपमानित हुनुपर्ने अवस्था सभ्य समाजका लागि लज्जाको विषय हो। दलित समुदायले दशकौँदेखि समान अधिकार, सम्मान र अवसरका लागि संघर्ष गर्दै आएको छ । राजनीतिक परिवर्तनका आन्दोलनमा पनि दलित समुदायको महत्वपूर्ण भूमिका रहँदै आएको छ । तर परिवर्तनपछि पनि उनीहरूको जीवनमा अपेक्षित सुधार आउन सकेको छैन । अझै पनि शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीतिक पहुँच र आर्थिक अवसरमा दलित समुदाय पछाडि छ । सामाजिक विभेदले उनीहरूलाई थप कमजोर बनाइरहेको छ ।

जातीय विभेद अन्त्य गर्न केवल सरकारले मात्र होइन, समाजका सबै पक्ष जिम्मेवार बन्नुपर्छ । राजनीतिक दल, नागरिक समाज, विद्यालय, धार्मिक संस्था, सञ्चारमाध्यम र परिवार सबैले चेतनाको अभियान चलाउन आवश्यक छ । विभेदविरूद्धको शिक्षा विद्यालय तहदेखि नै सुरू हुनुपर्छ । समाजमा सम्मान, समानता र मानवताको संस्कार विकास गर्न सकिए मात्र दीर्घकालीन परिवर्तन सम्भव हुन्छ । राज्यले विभेदसम्बन्धी घटनामा शून्य सहनशीलताको नीति व्यवहारमै लागू गर्नुपर्छ । दोषी जोसुकै भए पनि कानुनअनुसार कारबाही हुनुपर्छ। घटनालाई दबाउने, मिलापत्र गराउने वा राजनीतिक प्रभावका आधारमा उन्मुक्ति दिने प्रवृत्ति अन्त्य हुन आवश्यक छ । पीडितलाई न्याय र सुरक्षा दिलाउने दायित्व राज्यको हो ।

जातीय विभेद तथा छुवाछुत उन्मूलन दिवस केवल औपचारिक कार्यक्रमको दिन बन्नु हुँदैन । यो दिवस समाजलाई आत्मसमीक्षा गर्ने अवसर बन्नुपर्छ । हामी साँच्चिकै समान समाज निर्माण गर्न चाहन्छौँ भने व्यवहार परिवर्तन अपरिहार्य छ। संविधान र कानुन किताबमा मात्र सीमित हुने होइन, समाजको व्यवहारमा देखिनुपर्छ । मानिसको मूल्य उसको जातले होइन, उसको क्षमता, कर्म र मानवताले निर्धारण गर्छ भन्ने चेतना समाजमा स्थापित हुन सके मात्र जातीय विभेद अन्त्य सम्भव छ । सभ्य र समतामूलक समाज निर्माणका लागि अब शब्द होइन, व्यवहार परिवर्तनको समय आएको छ ।

# तनहुँका पहाडी मुस्लिम : इतिहास, व्यापार र सहअस्तित्वको एक जीवित विरासत

नेपालको सामाजिक संरचना विविध जाति, भाषा, धर्म र संस्कृतिहरूको साझा फूलबारी हो। यही बहुलताभित्र पहिचान बनाउँदै आएको एउटा महत्वपूर्ण समुदाय हो– पहाडी मुस्लिम समुदाय। नेपालको पहाडी भूभागमा बसोबास गर्ने मुस्लिमहरूको इतिहास, योगदान र सामाजिक सम्बन्धका विषयमा अपेक्षाकृत कम अध्ययन भएको पाइन्छ। यद्यपि तनहुँ, स्याङ्जा, पाल्पा, कास्की, गोर्खा र अर्घाखाँची क्षेत्रमा बसोबास गर्दै आएका पहाडी मुस्लिम समुदायले आफ्नो विशिष्ट इतिहास र सांस्कृतिक विरासत बोकेर आजसम्मको यात्रा तय गरेका छन्।

**मौखिक इतिहासमा सुरक्षित एक लामो यात्रा**

तनहुँ जिल्लाको सम्जुर क्षेत्रका अग्रज हाजी अब्दुल रजाँकका अनुसार पहाडी मुस्लिम समुदायको नेपाल प्रवेश आजभन्दा करिब ९५० वर्षअगाडि भएको मान्यता समुदायभित्र प्रचलित छ। उहाँका अनुसार व्यापारिक उद्देश्यले काश्मिर, कुमाउँ र गढवाल क्षेत्र हुँदै नेपालका पहाडी भूभाग पार गर्दै तिब्बतसम्म पुग्ने व्यापारीहरूको समूहमा मुस्लिम समुदायको पनि उल्लेखनीय उपस्थिति थियो।

इतिहासका लिखित स्रोतहरु सीमित भए पनि समुदायका अग्रजहरूले सुनाउँदै आएको मौखिक परम्पराअनुसार उनीहरु नेपालका विभिन्न पहाडी जिल्लामा ११औँ शताब्दीको प्रारम्भदेखि नै फैलिन थालेका थिए। व्यापारका क्रममा बनेको स्थायी बसोबासले कालान्तरमा उनीहरूलाई नेपाली समाजको अभिन्न अंग बनायो।

**व्यापार र सीपको पहिचान**

पहाडी मुस्लिम समुदायको मुख्य परिचय व्यापार र हस्तकलासँग जोडिएको पाइन्छ। परम्परागत रूपमा उनीहरु चुरा, पोते, गरगहना, टीका तथा विभिन्न श्रृङ्गार सामग्री उत्पादन तथा बिक्री–वितरणमा संलग्न थिए। समुदायका ज्येष्ठ व्यक्तिहरूका अनुसार तनहुँको सम्जुर क्षेत्रमा विगतमा काँचका चुरा उत्पादन गर्ने भट्टिहरु सञ्चालनमा थिए। स्थानीयस्तरमै उत्पादन गरिएका चुराहरु विभिन्न जिल्लासम्म बिक्री हुने गर्थे। हाजी अब्दुल रजाँकका अनुसार उहाँको समयसम्म पनि सम्जुरमा चारवटा चुरा उत्पादन गर्ने भट्टी सक्रिय थिए।

यिनै व्यवसायिक गतिविधिका कारण पहाडी मुस्लिम समुदायले नेपालको पहाडी अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याएको देखिन्छ। व्यापारिक मार्गहरूले नेपाल र तिब्बतबीचको आर्थिक तथा सांस्कृतिक सम्बन्ध विस्तार गर्न पनि सहयोग पुर्‍याएका थिए।

**बाइसे–चौबिसे राज्यकाल र मुस्लिम समुदाय**

स्थानीय जनश्रुतिअनुसार बाइसे–चौबिसे राज्यकालमा मुस्लिम कारीगरहरूको सीपलाई राज्यले उपयोग गरेको थियो। हाजी अब्दुल रजाँकका अनुसार तत्कालीन शासकहरूले धातुजन्य सामग्री, हतियार तथा गरगहनाको निर्माणमा दक्ष मुस्लिम कारीगरहरूलाई विभिन्न कार्यमा संलग्न गराएका थिए।

यद्यपि यी विषयमा थप ऐतिहासिक अनुसन्धान आवश्यक भए पनि समुदायभित्र यस्ता कथाहरु पुस्तौंदेखि सुनिँदै आएका छन्। यसले तत्कालीन समाजमा सीप र व्यवसायका आधारमा विभिन्न समुदायबीच अन्तरसम्बन्ध स्थापित भएको संकेत गर्छ।




**तिलोत्तमा रानी र सम्जुरको किंवदन्ती**

तनहुँको सम्जुर क्षेत्रमा आज पनि एउटा रोचक जनश्रुति प्रचलित छ। समुदायका अग्रजहरूका अनुसार तत्कालीन तिलोत्तमा रानीलाई लामो समयसम्म सन्तान प्राप्त नभएको अवस्थामा मुस्लिम समुदायसँग मस्जिदमा गई अल्लाहसमक्ष दुआ(प्रार्थना) गर्न आग्रह गरिएको थियो।

कथाअनुसार मुस्लिम समुदायले सामूहिक प्रार्थना गरेपछि रानीले सन्तान प्राप्त गर्नुभयो। त्यसपछि खुसी भएर रानीले सम्जुरस्थित "कुवाँ पानी" नामक खेत मुस्लिम समुदायलाई बिर्ता स्वरूप प्रदान गर्नुभएको विश्वास गरिन्छ।

यस्तै, सम्जुर माझगाउँस्थित जुम्मा मस्जिदको संरक्षणका लागि तत्कालीन शासकले सैनिक परिचालन गरी पर्खाल निर्माण गराएको कथन पनि स्थानीय समाजमा प्रचलित छ। यस्ता किंवदन्तीहरूले धार्मिक सहिष्णुता र पारस्परिक सम्मानको ऐतिहासिक संकेत दिन्छन्।

**धार्मिक आस्था र सामाजिक सद्भाव**

पहाडी मुस्लिम समुदाय र स्थानीय हिन्दु समुदायबीचको सम्बन्ध परापूर्वकालदेखि नै सौहार्दपूर्ण रहेको स्थानीय बासिन्दाहरु बताउँछन्। दुवै समुदायबीच सामाजिक, आर्थिक तथा सांस्कृतिक सहकार्यको लामो इतिहास रहेको देखिन्छ।

हाजी अब्दुल रजाँकले स्मरण गर्नुभएको अर्को घटना वि.सं. २०१७ सालसँग सम्बन्धित छ। अनावृष्टिका कारण खडेरी परेको बेला शेख मोहम्मद अलीको नेतृत्वमा मुस्लिम समुदायले वर्षाका लागि विशेष दुआ गरेको र त्यसपछि पानी परेको जनविश्वास आज पनि स्थानीय समाजमा सुनिने गर्छ । यस्ता घटनाहरूले धार्मिक विश्वास मात्र होइन, समुदायहरूबीचको सामाजिक निकटता पनि उजागर गर्छन्।

**काश्मिरदेखि तिब्बतसम्मको व्यापारिक सञ्जाल**

समुदायका अर्का अग्रज हाजी सुल्तान मियाँका अनुसार काश्मिर हुँदै नेपाल प्रवेश गर्ने मुस्लिम व्यापारीहरु तिब्बतसम्म व्यापार गर्न जाने गर्थे। उहाँका अनुसार काठमाडौंस्थित काश्मिरी जामे मस्जिदले पनि नेपाल र काश्मिरबीचको ऐतिहासिक सम्बन्धको झल्को दिन्छ।

व्यापारका यी मार्गहरूले केवल वस्तुको आदानप्रदान मात्र गरेनन्, संस्कृतिहरुबीचको संवादलाई पनि विस्तार गरे। यही संवादको परिणामस्वरूप पहाडी मुस्लिम समुदाय नेपाली समाजको अभिन्न हिस्सा बन्न सफल भएको देखिन्छ।

**तनहुँका पहाडी मुस्लिमहरूको वर्तमान**

आज तनहुँ जिल्लाको सम्जुर, थाप्रेक, पुर्कोट, चोक, किहुँको हुक्का लगायतका विभिन्न स्थानहरूमा पहाडी मुस्लिम समुदायको बसोबास छ। उनीहरूले आफ्नो धार्मिक तथा सांस्कृतिक पहिचानलाई संरक्षण गर्दै स्थानीय समाजसँगको सहकार्यलाई निरन्तरता दिएका छन्।

नेपाल हिन्दु अधिराज्य रहँदाको समयमा पनि समुदायले राज्यस्तरबाट कुनै उल्लेखनीय धार्मिक अवरोध भोग्न नपरेको अनुभव समुदायका ज्येष्ठ व्यक्तिहरु सुनाउँछन्। यसले नेपालको सामाजिक संरचनामा रहेको सहिष्णुता र सहअस्तित्वको परम्परालाई झल्काउँछ।

**निष्कर्ष**

पहाडी मुस्लिम समुदायको इतिहास केवल एउटा धार्मिक समुदायको इतिहास मात्र होइन, यो नेपालमा व्यापार, सांस्कृतिक आदानप्रदान, सामाजिक सहअस्तित्व र परस्पर सम्मानको इतिहास पनि हो। यद्यपि यस समुदायका धेरै ऐतिहासिक पक्षहरु अझै मौखिक परम्परामा सीमित छन्। त्यसैले भविष्यमा अभिलेखीय अध्ययन, शैक्षिक अनुसन्धान र स्थानीय इतिहासको दस्तावेजीकरणमार्फत यस विरासतलाई थप स्पष्ट र व्यवस्थित रूपमा उजागर गर्न आवश्यक छ।

नेपालको बहुसांस्कृतिक पहिचानलाई बुझ्न पहाडी मुस्लिम समुदायको इतिहासले महत्वपूर्ण दृष्टिकोण प्रदान गर्छ। तनहुँका पहाडी मुस्लिमहरूको यात्रा वास्तवमा सहअस्तित्व, श्रम, व्यापार र सामाजिक सद्भावको एक जीवित विरासत हो ।

## तपाईको आज

**मेष**
कामको चाप बढ्न सक्छ, तर प्रयास अनुसार फल पाइनेछ। परिवारमा सल्लाहका आधारमा निर्णय लिनुहोस् ।

**वृष**
धन लाभको संकेत देखिन्छ। प्रेम सम्बन्धमा सुधार आउला । वैदेशिक कार्यमा सफलता मिल्नेछ।

**मिथुन**
व्यावसायिक निर्णयमा चाँडो नगर्नुहोस। मित्र वा आफन्तसँग मनमुटाव हुन सक्छ, विचार पुर्‍याउनुहोस्।

**कर्कट**
मानसिक तनाव घट्नेछ। शिक्षा र प्रतिस्पर्धामा सफलता मिल्ने सम्भावना छ। सामाजिक कार्यमा प्रशंसा पाइनेछ।

**सिंह**
नयाँ अवसरको संकेत छ। आत्मविश्वास बढ्नेछ। सांस्कृतिक वा धार्मिक कार्यमा सहभागी भइनेछ।

**कन्य**
खर्चमा वृद्धि हुने देखिन्छ। सोचेर योजना बनाउनुपर्छ। विदेश सम्बन्धी विषयमा आकस्मिक समाचार आउन सक्छ ।

**तुला**
सम्बन्धमा सुधार आउँछ। नयाँ योजनामा लगानी गर्न उपयुक्त समय छ। अध्ययन र सिर्जनात्मक कार्यमा सफल मिल्नेछ ।

**वृश्चिक**
पद, प्रतिष्ठा र सम्मान प्राप्त हुने दिन। जिम्मेवारीको बोध हुनेछ। सरकारी वा कानुनी काममा सफलता सम्भव।

**धनु**
पढाइ र अनुसन्धानमा ध्यान केन्द्रित हुनेछ। यात्रा सफल बन्नेछ। बौद्धिक क्षमताको राम्रो प्रयोग हुने दिन।

**मकर**
सावधानी आवश्यक छ, विवादमा नपरौं। पारिवारिक जीवनमा सामान्य असमझदारी देखिन सक्छ। स्वास्थ्यप्रति ध्यान दिनुहोस्।

**कुम्भ**
समय व्यापार र साझेदारीको लागि उपयुक्त छ। पुरानो मित्रसँग भेटघाटको योग छ। वैवाहिक जीवन सुखद रहनेछ।

**मीन**
आज योजना सफल हुने सम्भावना बलियो छ। मन चञ्चल भए पनि सृजनात्मक काममा लाभ हुनेछ।

# गण्डकीमा 'पहिला घरदेश: ........

'हाई अल्टिच्यूट सिक्नेस'को उपचारलगायत आधारभूत सुविधा विस्तार गरिने उल्लेख गरेको छ।

पर्यटकीय राजधानी 'ब्रान्डिङ'का लागि निर्माण थालनी गरिएको 'राउन्ड फेवा: भ्यू फेवा कार्यक्रम' आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिने उल्लेख गर्दै सरकारले चङ्खपुरदेखि मग्रे बगरसम्म पर्यटकीय आकर्षणका रूपमा फेवा 'होराइजन पेडिस्टेरियन बृज' (सेल्फी वृज) निर्माण गर्नाका साथै रूपातालमा सिसाको पुलको सम्भाव्यता अध्ययन गरी निर्माण प्रक्रिया अगाडि बढाइने भनिएको छ ।

मनास्लु, अन्नपूर्ण र धौलागिरि हिमाल तथा ढोरपाटन क्षेत्रको पर्यटकीय सम्भावनालाई विश्वस्तरमा चिनाउन पदमार्ग स्तरोन्नति तथा वैकल्पिक पदमार्ग पहिचान र विकास गरिने नीति तथा कार्यक्रममा भनिएको छ । जथाभावी बाटो खन्ने क्रमसँगै पदमार्ग छोटिने र हराउने अवस्था भइरहेका अवस्थामा पदमार्ग स्तरोन्नति तथा वैकल्पिक पदमार्ग पहिचान गरिने नीति आवश्यक भएको ट्रेकिङ एजेन्सिज एसोसिएसन (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्य बताउनुहुन्छ । सरकारले अघि सारेका विषयको प्रभावकारी कार्यान्वयन आवश्यक भएको उहाँले बताउनुभयो ।

प्रदेशभित्रका हिमचुली प्रवर्द्धनका लागि नेपाल सरकार र सरोकारवाला निकायसँग सहकार्य गरिने सरकारले जनाएको छ। नेपाल सरकारसँगको समन्वयमा अन्तर प्रदेश सिधा हवाई उडान विस्तारका लागि पहल गरिने प्रदेश प्रमुख भट्टले बताउनुभयो । मोदीबेनीधामदेखि बाग्लुङको भैरवस्थान र पर्वतको पुर्कोटसम्म धार्मिक पदमार्ग विकास गरिनेछ । लिगलिगकोट–गोरखा दरबार–मनकामना पदमार्गलाई नेपाली सभ्यताको चिनारी तथा नेपाल एकीकरण मार्गका रूपमा विकास गरिने सरकारको योजना छ । गोरखा दरबारदेखि हनुमान ढोकासम्म फूलपाती पदमार्ग निर्माणका लागि बागमती प्रदेशसँग समन्वय गरिने नीति तथा कार्यक्रममा भनिएको छ ।

छिमेकी मित्रराष्ट्र (भारत र चीन) बाट आगमन हुने पर्यटकको संख्या आगामी पाँच वर्षभित्र दोब्बर बनाउने लक्ष्यका साथ नेपाल पर्यटन बोर्ड र निजी क्षेत्रको साझेदारीमा 'गण्डकी जाऔँ: प्रकृति र संस्कृतिसँग रमाऔँ' अभियान सञ्चालन गरिने उल्लेख गरिएको छ । प्रदेशमा उपलब्ध पर्यटकीय वस्तु र सेवाको अन्तर्राष्ट्रिय बजारमा सघन प्रचारप्रसार गरिने उल्लेख छ ।

पर्यटकको आगमन बढाउनुसँगै तिनीहरूको व्यवस्थापन अर्को महत्वपूर्ण पक्ष भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउनुहन्छ । भारत, चीन जस्ता सीमा जोडिएका मुलुकमा यहाँको पर्यटन प्रवर्द्धन सरकारको प्राथमिकतामा पर्नुपर्ने बताउँदै उहाँले पर्यटनसम्बन्धी नीतिनिर्माणसँगै कार्यान्वयनमा पर्यटनसम्बद्ध संघसंस्थासँगको सहकार्य आवश्यक हुने बताउनुभयो ।

स्काई डाइभिङ, हेली स्किइङ, बन्जी जम्पिङ, उच्च उचाइ साइक्लिङ जस्ता साहसिक गतिविधिको प्रवर्द्धन तथा नयाँ स्थल पहिचान गरिने, पोखरालाई अन्तरराष्ट्रिय सभा सम्मेलन स्वास्थ्य तथा आरोग्य एवं खेल पर्यटन केन्द्रका रूपमा स्थापित गर्न हरित पूर्वाधार एवं वातावरणमैत्री यातायात प्रवर्द्धनमार्फत दिगो पर्यटन सुनिश्चित गरिने नीति तथा कार्यक्रममा भनिएको छ ।

'एक जिल्ला: एक पर्यटकीय गन्तव्य' विकासको नीति लिइने भन्दै प्रदेशको संस्कृतिलाई जीवन्त राख पहिचानसहितका सांस्कृतिक उत्सवलाई प्रोत्साहन गरिने उल्लेख गरिएको छ । रैथाने संस्कृति, स्थानीय उत्पादन, रहनसहन र वेशभूषा प्रवर्द्धन गर्दै होमस्टे तथा फार्म–स्टेलाई स्तरीकरण गरी व्यावसायिकता विकास गरिने जनाइएको छ।

गोरखा दरबार, क्व्होलासोथार, लोमन्थाङ दरबार, मुक्तिनाथ मन्दिर जस्ता सम्पदालाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि आवश्यक पहल गरिने प्रदेश प्रमुख भट्टले बताउनुभयो । पर्यटकको सुरक्षा, विपद् व्यवस्थापन र तत्काल खोज तथा उद्धारका लागि सुरक्षा निकाय र स्थानीय तहसँगको समन्वयमा 'पर्यटक प्रहरी' परिचालनलाई थप सुदृढ गरिने भन्दै नीति तथा कार्यक्रममा जोखिममा परेका पर्यटकको उद्धारका लागि आपत्कालीन पर्यटक उद्धार कोषको आवश्यक व्यवस्था गरिने उल्लेख गरिएको छ।




# एक लाख ४२ हजारभन्दा बढी पर्यटक मुस्ताङमा

रासस/मुस्ताङ

मुस्ताङमा पाँच महिनामा एक लाख ४२ हजारभन्दा बढी विदेशी पर्यटकले भ्रमण गरेका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय (एक्याप) जोमसोमका अनुसार सन् २०२६ को जनवरीदेखि मेसम्म सार्क राष्ट्रका एक लाख २९ हजार ३४१ र अन्य राष्ट्रका १३ हजार ३९८ जनाले यहाँ भ्रमण गरेका हुन् ।

मे महिनामा मात्रै ६५ हजार ९९४ जना विदेशी पर्यटक यहाँ आउँदा तीमध्ये सार्क राष्ट्रका ६१ हजार ७९८ र अन्य राष्ट्रका चार हजार १९६ रहेका एक्याप कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिनुभयो। अघिल्लो वर्षको जनवरीदेखि मेसम्म ५५ हजार ७५३ जना विदेशी पर्यटक यहाँ भित्रिएकामा सन् २०२६ को सोही अवधिमा ८६ हजार ९८६ जना विदेशी पर्यटक भ्रमणमा आएको एक्यापले जनाएको छ ।

सन् २०२६ को पाँच महिनामा सार्कका ९१ प्रतिशत र अन्य राष्ट्रका नौ प्रतिशत पर्यटक मुस्ताङ आएका हुन् । सार्कतर्फ भित्रिएका पर्यटकको संख्यामध्ये करिब शतप्रतिशत भारतीय रहेको एक्याप प्रमुख गुप्ताले जानकारी दिनुभयो । मे महिनामा मात्रै सार्कतर्फ ९४ प्रतिशत र अन्यतर्फ छ प्रतिशत विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका उहाँले बताउनुभयो । गर्मी बिदाको अवसर पारेर यहाँ आएका भारतीय पर्यटकमध्ये ८० प्रतिशतभन्दा बढी मुक्तिनाथ दर्शन गर्न जाने गरेको गुप्ताले जानकारी दिनुभयो । सन् २०२५ मा एक लाख ६१ हजार १२२ जना विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए ।

# हिमालको काखबाट राष्ट्रिय ........

बाँध संरचना बनाउने, विद्युत्गृह निर्माण गर्ने तथा प्रसारण लाइन विस्तार गर्ने काम एकसाथ सञ्चालन भइरहेको निर्देशक प्रधानले बताउनुभयो । "हिमाली भूभागमा आयोजना निर्माण गर्नुपर्ने भएकाले प्राविधिक तथा भौगोलिक चुनौतीहरू प्रशस्त रहेका छन् । तर, चुनौतीको सामना गर्दै ऊर्जा उत्पादनलाई अगाडि बढाइएको हो", उहाँले भन्नुभयो । नेपालको दुर्गम हिमाली जिल्ला मनाङको भौगोलिक बनोट जटिल छ। साँघुरा पहाडी सडक, पहिरोको जोखिम, हिमपात तथा कठोर मौसमले आयोजना निर्माणलाई कठिन बनाए पनि त्यसको सामना गर्दै कामलाई तीव्र बनाइएको उहाँको भनाइ छ।

विशाल आकारका टर्बाइन, जेनेरेटर तथा अन्य उपकरणहरू आयोजनास्थलसम्म पुऱ्याउन निकै चुनौतीपूर्ण रहेको र कतिपय अवस्थामा सडक स्तरोन्नति गरेर मात्र उपकरण ढुवानी गर्न सम्भव भएको प्रधानले जानकारी दिनुभयो। "सुरुङ निर्माणका क्रममा पनि भौगर्भिक जटिलता देखिएका थिए। कमजोर चट्टान, पानी चुहिने समस्या तथा पहिरोका कारण निर्माण अवधि लम्बिने जोखिम थियो। यद्यपि प्राविधिक टोलीले यी समस्याहरू समाधान गर्दै आयोजना निर्माणलाई निरन्तरता दिएका छन्", उहाँले भन्नुभयो।

जलविद्युत् आयोजना निर्माणको प्रत्यक्ष प्रभाव स्थानीय अर्थतन्त्रमा पर्नेछ । आयोजना निर्माणका क्रममा सयौँ स्थानीयले रोजगारी पाएका छन् भने यहाँको यातायात, होटल, रेष्टुराँ तथा अन्य सेवा व्यवसायमा पनि आर्थिक गतिविधि बढेको छ। पर्यटकीय क्षेत्रको रूपमा रहेको मनाङ जलविद्युत् निर्माण अवधिमा स्थानीय बजारमा वस्तु तथा सेवाको माग बढेकाले व्यवसायीले लाभ लिनसकेका छन् । सडक पहुँच विस्तार भएसँगै स्थानीय उत्पादन बजारसम्म पुऱ्याउन सहज भएको नार्सौं गाउँपालिका–८ का वडाध्यक्ष याद घलेले बताउनुभयो ।

मनाङ मर्स्याङ्दी आयोजनाले स्थानीयवासीले आयोजना प्रभावित क्षेत्रका लागि थप पूर्वाधार विकास, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा लगानी, स्थानीय युवालाई प्राथमिकताका साथ रोजगारी तथा स्थानीय उत्पादनको बजारीकरणमा सहयोगको अपेक्षा राखेका छन् ।

जलविद्युत् आयोजनाबाट प्राप्त रोयल्टी स्थानीय तहसम्म पुग्ने भएकाले दीर्घकालीन विकासका लागि त्यसको प्रभावकारी उपयोग पनि उत्तिकै महत्वपूर्ण रहेको चामे गाउँपालिका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बताउनुभयो । स्थानीय सरकारले रोयल्टीलाई शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटन विकासमा लगानी गर्न सकेमा आयोजनाको लाभ अझ व्यापक बन्न सक्ने उहाँको भनाइ छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना मनाङ एकाइका प्रमुख ढकबहादुर भुजेलले भन्नुभयो, "स्थानीय सरकारसँगको समन्वयमा जलविद्युत् आयोजना स्वच्छ ऊर्जा उत्पादनको स्रोत मानिए पनि यसका वातावरणीय प्रभाव पूर्ण रूपमा शून्य हुँदैनन् । नदीको प्राकृतिक बहावमा परिवर्तन आउँदा जलीय जैविक विविधतामा असर पर्न सक्छ ।" मर्स्याङ्दी नदीमा पानी मोडिएपछि केही खण्डमा नदीको बहाव कम हुने अवस्था आउन सक्छ। आयोजना निर्माणका क्रममा आयोजनाको वन क्षेत्र, जैविक विविधता तथा स्थानीय पारिस्थितिक प्रणालीमा पर्ने असर न्यूनीकरणका लागि वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार विभिन्न उपाय अवलम्बन गरिएको उहाँको भनाइ छ । रासस

## व्यास नगरपालिका घरनक्शा शाखाको लागि सधियाराका नाममा जारी गरिएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला व्यास नगरपालिकाको तपसिलमा उल्लेखित व्यक्तिको आफ्नो नाउँमा दर्ता भएको कित्तामा तपसिलमा उल्लेखित विवरण अनुसारको नयाँ घर निर्माणको लागि यस कार्यालयमा नक्सा पेश भई १५ दिने सन्धि सर्पनको सूचना समेत जारी भई फिल्ड सर्जमिनको लागि जाँदा तल उल्लेखित विवरण अनुसारको तपाई उपस्थित नभएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र जग्गामा हकभोग पुग्ने आवश्यक सबुद प्रमाण सहित आफ्नो दाबी खुलेको उजुरी निवेदन यस कार्यालयमा दिनुहोला । अन्यथा नियम अनुसार गरिनेछ भनि पुनः यो सूचना जारी गरिएको छ । म्याद नाघी आएको उजुरीमा कुनै कारवाही हुने छैन ।

**तपसिल**

| सि. नं. | नक्शा दरखास्तवालाको नाम ठेगाना | जग्गाको विवरण | १५ दिने सूचना मिति | घरको किसिम | उपस्थित नहुने सधियारको नाम |
|---|---|---|---|---|---|
| १ | बबिना राना थापा व्यास–१ | साविक कर्लुङ ६/ञ कि.नं. ३७५४, १२९६ क्षेत्रफल ०.४.३.२ | २०८३/०२/२२ | RCC | दक्षिण तर्फः पृथ कुमारी हड्खले कि.नं. १२८९, पूर्व तर्फः बाल कुमारी थापा, कि.नं. २९६६ |

## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**असार ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**चैत्र ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

## बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) खण्ड (६) अनुसार

बालबालिकालाई राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा हड्ताल, बन्द चक्काजाम, धर्ना वा जुलुसमा प्रयोग गर्ने कार्यलाई बालबालिका विरुद्धको कसूर मानेको छ ।



**कुनै पनि बालबालिकालाई दलगत राजनीतिक गतिविधिमा संलग्न नगरौं, नगराऔं ।**

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय
**एकीकृत सेवा कार्यालय, तनहुँ**
दमौली, नेपाल



## निर्माणाधिन बुद्ध प्रतिमा

तनहुँको शुक्लागण्डकी नगरपालिका–८ को एक्लेडाडामा निर्माणाधिन बुद्ध प्रतिमा । करिब २९ फिट अग्लो बुद्ध प्रतिमा निर्माण गरी एक्लोडाँडोलाई पर्यटकीय गन्तव्य बनाउन लक्ष्यका साथ स्थानीय गुरूङ मगर साँस्कृतिक एकता समाज जुटेको छ ।

तस्विर : भञ्ज्याङ

# आदिकवि भानुभक्त क्याम्पसले ‘उद्यमशीलता उद्यमशाला’ स्थापना गर्ने

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको दमौलीस्थित आदिकवि भानुभक्त क्याम्पसमा व्यवस्थापन र मानविकी संकायमा अध्ययनरत विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक व्यावसायिक अनुभव तथा नवप्रवर्तनात्मक सोच विकास गराउने उद्देश्यले ‘इन्टरप्रेन्योरियल भेन्चर ल्याब’ (उद्यमशीलता उद्यमशाला) स्थापना गरिने भएको छ ।



क्याम्पसमा सम्पन्न विशेष परियोजना बैठकले क्याम्पसभित्र ‘उद्यमशीलता उद्यमशाला’ स्थापना गर्ने तथा आगामी असारको दोस्रो साता ‘आदिकवि व्यवस्थापन र उद्यमशीलता सम्मेलन’ आयोजना गर्ने निर्णय गरेको हो ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष केसबहादुर सुनार, क्याम्पस प्रमुख महाप्रसाद हड्खले, सहायक क्याम्पस प्रमुख तथा विभिन्न विभागका विभागीय प्रमुखहरूको सहभागिता उक्त निर्णय गरिएको हो ।

बैठकले क्याम्पस, देश–विदेशमा रहेका पूर्वविद्यार्थी, विश्वविद्यालयका प्राध्यापक तथा उद्योग–वाणिज्य क्षेत्रबीच रणनीतिक साझेदारी निर्माण गर्दै विद्यार्थीमा उद्यमशीलताको विकास गराउने उद्देश्यसहित सहायक क्याम्पस प्रमुख विश्वेश्वर तिमल्सिनाको संयोजकत्वमा ‘उद्यमशीलता तथा नवप्रवर्तन निर्देशक तदर्थ समिति’ गठन गर्ने निर्णय गरेको छ।

समितिले क्याम्पसभित्र स्थापना हुने उद्यमशालाको नीतिगत तथा व्यावहारिक सञ्चालनको जिम्मेवारी सम्हाल्ने जनाइएको छ। उक्त उद्यमशालाले विद्यार्थीका नवीन व्यावसायिक अवधारणालाई उद्यममा रूपान्तरण गर्न ‘इन्क्युबेटर’ का रूपमा काम गर्ने क्याम्पस प्रशासनले जनाएको छ।

यसैगरी व्यवस्थापन, शिक्षा तथा मानविकी संकायअन्तर्गतका विभाग र विद्यार्थी क्लबहरूको सहकार्यमा आयोजना गरिने ‘आदिकवि व्यवस्थापन र उद्यमशीलता सम्मेलन’ मा उद्योगी, व्यवसायी, विश्वविद्यालयका प्राध्यापक, व्यावसायिक क्षेत्रका विज्ञ तथा सफल पूर्वविद्यार्थीलाई सहभागी गराइने भएको छ। सम्मेलनमा कार्यशाला, छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

बैठकमा अध्यक्ष सुनारले क्याम्पस अब केवल प्रमाणपत्र वितरण गर्ने थलो मात्र नभई उद्यमी उत्पादन गर्ने तथा रोजगारी सिर्जना गर्ने केन्द्र बन्नुपर्नेमा जोड दिए। उनले यस योजनाले दमौली तथा समग्र गण्डकी प्रदेशकै शैक्षिक र व्यावसायिक वातावरणमा नयाँ आयाम थप्ने विश्वास व्यक्त गरे।

क्याम्पस प्रमुख हड्खलेका अनुसार उद्यमशाला स्थापना भएसँगै विद्यार्थीहरूले अध्ययनकै क्रममा आफ्ना व्यावसायिक योजना विज्ञहरूसमक्ष प्रस्तुत गर्ने, मेन्टरसिप प्राप्त गर्ने तथा उत्कृष्ट अवधारणाका लागि ‘सिड मनी’ (बीउ पूँजी) प्राप्त गरी स्वरोजगार बन्ने अवसर पाउनेछन् ।

## facebook twitter



**Narendra Modi**
x.com/narendramodi

नेपालको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति श्री रवि लामिछानेज्यूसँग भेट्न पाउँदा अत्यन्तै खुशी लागेको छ । एक साझा र समृद्ध भविष्यका लागि मिलेर काम गर्ने वहाँको चाहनालाई म स्वागत गर्दछु र त्यसमा पूर्ण रूपमा सहमत छु ।
हाम्रो छिमेकी पहिलो नीति अन्तर्गत नेपाल प्राथमिकतामा रहेको साझेदार हो र हामी दुई देशबीचको विशिष्ट एवम् बहुआयामिक सम्बन्धलाई थप उचाइमा पुऱ्याउन नयाँ सरकारसँग सहकार्य गर्न उत्सुक छौँ ।



**सुरेश भण्डारी**
x.com/Sureshkshetri09

भारतले नेपालमा बिना ज्यालाको खेतालाहरू पाएको छ । नेपालले भारतको कता कता सिमा मिचेको छ भनेर खोजबिन गर्न रास्वपा नेता कार्यकर्ता मात्र नभएर सांसदहरू नै तल्लिन भएर लागेका छन्। यो किसिमको लम्पसारबाद नेपालको इतिहासमा आजसम्म सुनेको देखिएको थिएन।



**रामेश**
x.com/RaameshKoirala

भारत आज पनि दशगजाको खेतिपाती र आँगन–गोठ मिलाउन चाहन्छ, गण्डक नदीको धार परिवर्तनले सुस्तामा अलिकति छलफल आवश्यक ठान्छ अनि कालापानीलगायतको भूगोलमा कुरै गर्न जरूरी मान्दैन। यसमा जे जस्तो रफ्फु भर्नूस्, बेलायत कि नालायक जोड्नूस्, हात लाग्ने चैं यहाँकै Ecstasy र ढाक के तीन पात नै हो।

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान भर्न फ्लाइ दुबई इच्छुक

**रासस**/कास्की

विश्वको प्रमुख हवाई सेवा प्रदायक कम्पनी फ्लाइ दुबईका उड्डयन सुरक्षा उपाध्यक्ष एड्रियन लुकाजले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग मङ्गलबार भेटवार्ता गर्नुभएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने, दुबई र पोखराबीच पर्यटन प्रवर्द्धनका सम्भावनाको खोजी गर्ने, हवाई उडानका क्रममा परिपालना गर्नुपर्ने सुरक्षा मापदण्डलगायत दुई पक्षीय हितका विषयमा कुराकानी भएको थियो । भेटका क्रममा उड्डयनको क्षेत्रमा २० वर्षभन्दा बढी लामो अनुभव भएका लुकाजले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा समेत उडान भर्न इच्छुक रहेको बताउनुभएको महानगर प्रमुख आचार्यले जानकारी दिनुभयो।

उड्डयन सुरक्षा, जोखिम व्यवस्थापन र ‘एयरलाइन अपरेसन’को क्षेत्रमा विशेषज्ञता हासिल गर्नुभएका लुकाजले फ्लाइ दुबईले उडानबाट पोखरासँग जोडिन पाए समग्र पोखरा र यस क्षेत्रको पर्यटनका लागि सुखद हुने बताउनुभयो । विमानस्थलहरूको अन्तर्राष्ट्रिय र स्थानीय उड्डयन सुरक्षा मापदण्डहरूको अनुपालन सुनिश्चित गर्न सुरक्षा रणनीतिहरूको निरीक्षणमा दखल राख्ने लुकाजले पोखराको सुन्दरताले आफू निकै प्रभावित भएकोसमेत बताउनुभयो । सो क्रममा नगर प्रमुख आचार्यले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि निरन्तर पहल गरिरहेको उल्लेख गर्दै दुई देशबीचको पर्यटन आदानप्रदानमा सिधा उडानको भूमिका महत्वपूर्ण रहने भएकाले सो का लागि कम्पनीका तर्फबाट विशेष पहल गर्न अनुरोध गर्नुभयो ।

नेपाल सरकारसँग आफूले पटकपटक संवाद गरेको र विशेष समयहरूमा अन्तर्राष्ट्रिय चार्टर उडानहरू सञ्चालन भइरहेकाले विमानस्थल अन्तर्राष्ट्रिय उडान भर्न सक्षम रहेको उहाँले उल्लेख गर्नुभयो। “पोखराबाट अन्तर्राष्ट्रिय उडान सम्भव छ भन्ने कुरा विभिन्न समयमा भएका चार्टर उडानबाट प्रमाणित भइसकेको छ । पोखरा पर्यटनको राजधानी सहर भएकाले अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्नका लागिसमेत अन्तर्राष्ट्रिय उडानहरू आवश्यक छ । त्यसतर्फ हामीले जोड दिएका छौँ । आजको भेटले पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न सहयोग पुग्ने विश्वास बढाएको छ,” प्रमुख आचार्यले भन्नुभयो ।

भेटवार्तामा नगर प्रमुख आचार्यसहित महानगरका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्याल, पोखरा भ्रमण वर्षका संयोजक गोपीबहादुर भट्टराईलगायत सहभागी हुनुहुन्थ्यो । मित्रराष्ट्र चीनको सहयोगमा रू २२ अर्ब बढी लगानीमा निर्माण भएर विसं २०७९ पुस १७ गते उद्घाटन भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट हालसम्म नियमित अन्तर्राष्ट्रिय उडान सुरू हुन सकेको छैन । विमानस्थल आन्तरिक उडानमा मात्र सीमित हुँदै आएको छ ।

# आफ्नै छोरीमाथि जबरजस्ती करणी गरेको आरोपमा एक जना पक्राउ

**भञ्ज्याङ समाचारदाता**/दमौली

जिल्ला प्रहरी कार्यालय तनहुँले आफ्नै नाबालिका छोरीमाथि पटक–पटक जबरजस्ती करणी गरेको आरोपमा एक जनालाई पक्राउ गरेको छ।

प्रहरीका अनुसार मिति २०८३ जेठ ९ गते राति करिब ११:३० बजे परिवर्तित जिल्ला ३९ अन्तर्गत बस्ने ६४ वर्षीय एक पुरूषले आफ्नी १२ वर्षीया नाबालिका छोरीको सुत्ने कोठामा गई पटक–पटक जबरजस्ती करणी गरेको भन्ने सूचना प्राप्त भएपछि प्रहरी टोली तत्काल खटिएको थियो।

घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरीले आरोपितलाई नियन्त्रणमा लिई पक्राउ गरेको छ। पीडित र आरोपितको पहिचान गोपनीय राख्न कानुनी व्यवस्थाअनुसार नाम तथा ठेगाना परिवर्तन गरिएको प्रहरीले जनाएको छ ।

घटनासम्बन्धी थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक दीपक कार्कीले जानकारी गराए ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः** ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४